उत्तर– वलखु गणेशस्थानदेखि पश्चिम गल्ली बाटो हुँदै गजेन्द्र मोक्ष नारायण, स्वथ नारायण, ग्वाछ गल्ली, झतापोल गणेशस्थान, गणेशस्थानअगाडिको नागबहाल निस्कने गल्ली बाटो हुँदै नागबहालको ढुङ्गेधारासम्म ।

दक्षिण– ईखालखुको चौबाटोदेखि पूर्व विश्वकर्मा हुँदै हौगल, टंगलको मूल सडकबाट चकबहिल बालकुमारीस्थानसम्म ।

आज्ञाले,
डा. नरसिंह नारायण सिंह
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकार

## शिक्षा तथा संस्कृति मन्त्रालयको

## सूचना

श्री ५ को सरकारले मिति २०४१।२।२५ को निर्णयानुसार प्राचीन स्मारक संरक्षण ऐन, २०१३ को दफा ३ को अधिकार प्रयोग गरी प्राचीन चाँगुनारायण क्षेत्रको दुरूपयोग वा त्यसमा कुनै किसिमको बेहिसाब हुन गर्न नदिन चाँगुनारायण क्षेत्रको निम्नबमोजिमको चार किल्लाभित्रको प्राचीनस्थललाई संरक्षित स्मारक घोषित गरेकोले यो सूचना प्रकाशित गरिएको छ ।

पूर्व– पञ्चायत चाँगुनारायण, साविक वार्ड नं. ३ क र ७ क।

पश्चिम– पञ्चायत चाँगुनारायण, साविक वार्ड नं. २ क र ६ ख।

उत्तर– पञ्चायत चाँगुनारायण, साविक वार्ड नं. २ क, २ ख र २ ग।

दक्षिण– पञ्चायत चाँगुनारायण साविक वार्ड नं. ६ ग–१ तथा साविक वार्ड नं. ६ ग–२ को कित्ता नं. १३५,१३६,१३७,१४०,२१६,२१७,२१८,३८४,३८३, २२४,२२५,२४५,३८५,३८६,२४७,२४८ र २४६।

आज्ञाले,
डा. नरसिंह नारायण सिंह
श्री ५ को सरकारको सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।